मिति २०७२।०६।११ गते सोमबारका दिन नेपाल सरकारका मुख्य सचिव डा. सोमलाल सुवेदीज्यूको अध्यक्षतामा बसेको नेपाल सरकारका सचिवहरुको बैठकले देहायबमोजिम छलफल/निर्णयहरु गरियो ।

क.स.	निर्णय	जिम्मेवार निकाय	सहयोगी निकाय	अनुगमन गर्ने निकाय	समयसीमा
१.	आफ्ना निकायसँग सम्बन्धित जन गुनासाहरु सम्बन्धित मन्त्रालयले उच्च प्राथमिकताका साथ फर्छौट गरी सोको प्रतिवेदन मासिक रुपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको शासकीय सुधार महाशाखामा पठाउने ।	सबै मन्त्रालय /केन्द्र/आयोग/ सचिवालय/कार्यालय		प्र.म.तथा म.प.कार्यालय (शासकीय सुधार	निरन्तर
२.	सचिव बैठकबाट भएका निर्णयको कार्यान्वयन परिणाममूखि गर्ने र सोको जानकारी नियमित रुपमा पठाउने । प्रगति नपठाउने निकायहरुको सूचीबद्ध गरी आगामी बैठकमा प्रस्तुत गर्ने ।	सबै मन्त्रालय /केन्द्र/आयोग/ सचिवालय/कार्यालय		प्र.म.तथा म.प.कार्यालय (शासकीय सुधार	अगामी सचिव बैठक
३.	आर्थिक वर्ष ०७२।७३ को बेरुजु फर्छौट कार्ययोजना अनुरुप फर्छौटलाई उच्च प्राथमिकता दिने ।	सबै मन्त्रालय /केन्द्र/आयोग/ सचिवालय/कार्यालय		प्र.म.तथा म.प. कार्यालय (व्यवस्थापन तथा जनशक्ति)	निरन्तर
४.	नयाँ संविधानिक व्यवस्था अनुसार विषयगत मन्त्रालयहरुले आ-आफ्नो क्षेत्राधिकार भित्र रहेका काम, कर्तव्य र अधिकारको समीक्षा गरी प्रचलित नीति र कानूनहरुमा गरिनु पर्ने परिमार्जनको खाँका समेत ३ वर्षे कार्ययोजनामा समावेश गरी परिमार्जित कार्ययोजना प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको शासकीय सुधार महाशाखामा ३ दिन भित्र पठाउने ।	सबै मन्त्रालय /केन्द्र/आयोग/ सचिवालय, कार्यालय		प्र.म.तथा म.प. कार्यालय (शासकीय सुधार महाशाखा)	३ दिन भित्र
५.	मिति २०७२ असोज ५ गते संघीयता कार्यन्वयनका सम्बन्धमा नेपाल सरकारका मुख्य सचिवबाट भएको ५ बुँदे निर्देशनलाई तदारुकताकासाथ कार्यान्वयन गर्ने/गराउने ।	सबै मन्त्रालय /केन्द्र/आयोग/ सचिवालय/कार्यालय		प्र.म.तथा म.प.कार्यालय (शासकीय सुधार	निरन्तर
६.	वर्तमान विषम परिस्थितिमा इन्धन, खाद्यान्न लगायत अत्यावश्क वस्तुहरुको आभाव हुन नदिने । पेट्रोलियम पदार्थको उपभोगका सम्बन्धमा सरकारले गरेका निर्णयहरुको पूर्ण एवं प्रभावकारी कार्यान्वयन गर्ने र समस्या समाधानका बैकल्पिक उपायहरुको खोजी अविलम्बन गर्ने ।	वाणिज्य तथा आपूर्ति मन्त्रालय	अर्थ मन्त्रालय, उद्योग मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, कृर्षि विकास मन्त्रालय, रक्षा मन्त्रालय	प्र.म.तथा म.प.कार्यालय (आर्थिक तथा पूर्वाधार विकास महाशाखा)	निरन्तर
७.	छिमेकी मित्रराष्ट्र चीनसँग सीमाना जोडिएका नाकाहरु जोडने सडकहरुको अवरोध सुरक्षा निकायहरुसँगको समन्वयमा खुलाई निर्वाध रुपमा सवारीको आगमनको व्यवस्था मिलाउने, सोको जानकारी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा गराउने ।	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय	गृह मन्त्रालय, अर्थ मन्त्रालय, वाणिज्य तथा आपूर्ति मन्त्रालय, रक्षा मन्त्रालय	प्र.म.तथा म.प.कार्यालय (आर्थिक तथा पूर्वाधार विकास महाशाखा)	असोज १५ गते सम्म

८.	सेवा प्रवाह हुने अग्र पङ्क्तिमा रहने कर्मचारीहरु र कार्यालय प्रमुखहरु अनुपस्थिति भएमा एवं निजामती सेवा ऐनमा भएको आचरण विपरित कार्य गर्ने कर्मचारीहरुको सम्बन्धमा यथासिघ्र छानविन गरी प्रचलित कानून अनुसार कारवाही गर्ने र सोको विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सामान्य प्रशासन मन्त्रालयमा पेश गर्ने ।	राष्ट्रिय सुरक्षा	गृह मन्त्रालय, क्षेत्रीय प्रशासन कार्यालय, जिल्ला प्रशासन कार्यालय	प्र.म.तथा म.प.कार्यालय (शासकीय सुधार महाशाखा)	तत्काल शुरु गरी निरन्तर
९.	सबै विषयगत मन्त्रालयहरुले सरुवा भएर आएका कर्मचारीहरुको पदास्थापना गर्ने, काजमा रहेकाहरुको काज फिर्ता गर्ने र स्थानीय स्तरको सेवा प्रवाह गर्ने कार्यालयमा रिक्त पदहरुमा पदपूर्ति गर्ने कार्यलाई प्राथमिकता दिने ।	सबै मन्त्रालय /केन्द्र/आयोग/ सचिवालय/कार्यालय		प्र.म.तथा म.प.कार्यालय (शासकीय सुधार	५ दिन भित्र
१०.	प्रमुख जिल्ला अधिकारीको अनुमति नलिई जिल्ला छोड्ने कार्यालय प्रमुखहरुको अभिलेख लिई निजहरुलाई विभागीय कारवाही गर्ने र कार्यालय प्रमुख बाहेक अन्य अधिकृत स्तरका कर्मचारीहरुलाई जिल्ला छोडने अनुमति दिँदा अनिवार्य रुपमा प्रमुख जिल्ला अधिकारीलाई जानकारी गराउने व्यवस्था मिलाउने । यी विषयको जानकारी प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको शासकीय सुधार महाशाखा र गृह मन्त्रालयलाई दिने ।	सामान्य प्रशासन मन्त्रालय	सबै मन्त्रालय /केन्द्र/आयोग/ सचिवालय/कार्यालय	प्र.म.तथा म.प.कार्यालय (शासकीय सुधार महाशाखा)	तत्काल
११.	मन्त्रिपरिषद्मा पेश गरिने प्रस्तावहरुका सम्बन्धमा यस पूर्व सचिव बैठकले गरेको निर्णय, प्रस्ताव पठाउँदा प्रस्तावमा उल्लेख हुनु पर्ने न्यूनतम सूचकहरु एवं प्रचलित कानूनी व्यवस्थाअनुसार प्रस्ताव बनाई सोको पूर्ण स्वामित्व सम्बन्धित सचिव स्वयंले लिने ।	सबै मन्त्रालय /केन्द्र/आयोग/ सचिवालय/कार्यालय	प्र.म.तथा म.प.को कार्यालय (बैठक महाशाखा)		निरन्तर
१२.	विभिन्न मन्त्रालय र निकायहरुले सम्पादन गर्दै आएको काम कारवाहीलाई नेपालको संविधान बमोजिम संघीय ढाँचामा व्यवस्थापन गर्न र कर्मचारीहरुको संक्रमणकालीन व्यवस्थापनको समन्वय गर्न देहायको समन्वय समिति गठन गर्ने । • सचिव, शासकीय सुधार, प्र.म.तथा म.प.को कार्यालय - संयोजक • सचिव, अर्थ मन्त्रालय - सदस्य • सचिव, सामान्य प्रशासन मन्त्रालय - सदस्य • सचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय - सदस्य • सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय - सदस्य	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	सबै मन्त्रालय /केन्द्र/आयोग/ सचिवालय/कार्यालय		निरन्तर